बैठक संख्या: ३६।२०८१
बैठक मिति:२०८१।१२।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।१२।२१ गते बिहिबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |

बैठक संख्या: ३६।२०८१
बैठक मिति:२०८१।१२।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री विरेद्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री प्रबिन साह | सब-इन्जिनीयर | |
| ४. | किरण चौधरी | का.स | |
| ५. | श्री दिलिप चौधरी | सा.क.अ | |

प्रस्तावहरु.

१.प्रस्ताव नं. १ : झुम्का आधारभूत अस्पताल ब्यवस्थापन तथा संचालन सम्बन्धमा ।

२.प्रस्ताव नं. २ : रामधुनी मन्दिर र शंकरबेली ताल ठेक्का सम्बन्धमा।

३.प्रस्ताव नं. ३ : विविध ।

निर्णयहरु

निर्णय नं.१

रामधुनी नगरपालिका वडा नं. १ स्थित रहेको झुम्का आधारभूत अस्पताल ब्यवस्थापन तथा संचालनका लागि भइरहेको प्रगति विवरण कार्यपालिका वैठकमा जानकारी गरियो ।

निर्णय नं.२(क)

प्रस्ताव नं. २(क) मा छलफल गर्दा रामधुनी नगरपालिकाको आ.व.०८०/०८१ मा ठेक्का नं. RMY/NCB/17/080/081 Ramdhuni mandir paryatakiya kshetra nirman (mandap nirman) को निर्माण कार्य गर्नका लागि Jay Ma Kali Construction, Inaruwa-04, sunsari र रामधुनी नगरपालिका बीच मिति २०८१/०१/०६ गते सम्झौता भई मिति २०८१/०३/१५ गते भित्र निर्माण कार्य सम्पन्न गर्नका लागि कायदिश दिइएकोमा तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न नगरेको र रामधुनी नगरपालिकाको १६ औं नगर सभा बाट २०८१ असोज मसान्त सम्मका लागि म्याद थप गरिएको र थप गरिएको म्याद भित्र पनी निर्माण कार्य सम्पन्न नगरेको र निर्माण व्यवसायीले अन्तिम पटकको लागि म्याद थपको माग गरेवमोजिम मिति २०८१/०७/१२ गतेको नगर कार्यपालिका बैठक बाट अन्तिम पटकको लागि

बैठक संख्या: ३६।२०८१
बैठक मिति:२०८१।१२।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

२०८१ माघ मसान्त सम्म म्याद थप गरिएता पनी निर्माण व्यवसायीले अन्तिम पटकको लागि थप गरिएको म्याद भित्र पनी निर्माण कार्य सम्पन्न नगरी योजना अलपत्र परेको, योजनाको कार्य सम्पन्न गर्नको लागि कार्यालयले पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत निर्माण व्यवसायीले वेवास्ता गरेको र योजनाको निर्माण कार्य अलपत्र परेको हुनाले सम्वन्धित निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावलीको नियम १२१ वमोजिम पुर्व निर्धारित क्षतिपूर्ति (LD) लगाई योजनाको निर्माण कार्य गराउने र सो पश्चात पनि कार्य नगरेमा कार्यसम्पादन जमानत जफत गरि प्रचलित कानुन वमोजिम कारबाहीको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

<u>निर्णय नं.२(ख)</u>

प्रस्ताव नं. २(ख) मा छलफल गर्दा रामधुनी नगरपालिकाको आ.व.०८०/०८१ मा ठेक्का नं. RMY/NCB/14/080/081 Shankarbeli paryatan purbadhar nirman को निर्माण कार्य गर्नका लागि Dharmaraj Construction, inaruwa-2, sunsari र रामधुनी नगरपालिका बीच मिति २०८०/११/१६ गते सम्झौता भई मिति २०८१/०३/१० गते भित्र निर्माण कार्य सम्पन्न गर्नका लागि कार्यादेश दिइएकोमा तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न नगरेको र रामधुनी नगरपालिकाको १६ औं नगर सभा बाट २०८१ असोज मसान्त सम्मका लागि म्याद थप गरिएको र थप गरिएको म्याद भित्र पनी निर्माण कार्य सम्पन्न नगरेको र निर्माण व्यवसायीले अन्तिम पटकको लागि म्याद थपको माग गरेवमोजिम मिति २०८१/०७/१२ गतेको नगर कार्यपालिका बैठक बाट अन्तिम पटकको लागि २०८१ माघ मसान्त सम्म म्याद थप गरिएता पनी निर्माण व्यवसायीले अन्तिम पटकको लागि थप गरिएको म्याद भित्र पनी निर्माण कार्य सम्पन्न नगरी योजना अलपत्र परेको, योजनाको कार्य सम्पन्न गर्नको लागि कार्यालयले पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत निर्माण व्यवसायीले वेवास्ता गरेको र योजनाको निर्माण कार्य अलपत्र परेको हुनाले सम्बन्धित निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावलीको नियम १२१ वमोजिम पुर्व निर्धारित क्षतिपूर्ति (LD) लगाई योजनाको निर्माण कार्य गराउने र सो पश्चात पनि कार्य नगरेमा कार्यसम्पादन जमानत जफत गरि प्रचलित कानुन वमोजिम कारवाहीको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

बैठक संख्या: ३६।२०८१
बैठक मिति:२०८१।१२।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.३(क)

विपद व्यवस्थापन कोष बाट रू ५ लाख आर्थिक सहायता शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं.३(ख)

रामधुनी न.पा. वडा नं. ३ र ५ मा पर्ने झुम्का नहरको छेउमा रामधुनी न.पा. बाट विनियोजित रकमबाट पार्क निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.३(ग)

रामधुनी नगरपालिकामा कार्यरत नगर प्रमुखको सचिवालयको कर्मचारी श्री पर्शुराम लुँइटेल ज्यूको छोरा विगत केही दिन देखि बिरामी भई काठमाडौं को कान्तिवाल अस्पतालमा उपचाररत अवस्थामा रहेको ले उक्त बिरामी लाई आर्थिक सहयोग बापत रू १,००,००० ।- आर्थिक सहायता शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.३(घ)

रामधुनी नगरपालिकाको मुख्य कार्यालय भवनको कम्पाउण्ड वाल भित्र १५० KVA ट्रान्सफर्मर जडान र साइराम टोल देखी नगरपालिका भवन सम्म ३ फेज लाईन समेत जडान /खरिद गर्न समपुरक कोष शीर्षकबाट प्राविधिक स्टिमेट बमोजिमको रकम रू २५ लाख रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं.३(ङ)

रामधुनी नगरपालिका वडा नं. ४ का सदस्य श्री रतनलाल चौधरी ज्यू बिरामी भई बिराटनगरको नोवेल अस्पतालमा उपचाररत रहेकोले उक्त वडा सदस्य ज्यू लाई आर्थिक सहयोग बापत रकम रू ३०,००० आर्थिक सहायता शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२(च)

रामधुनी न.पा. वडा नं ५ मा रहेको डंग्राही पोखरी हाल सम्म ठेक्का नलागेको हुँदा राजस्व परामर्श समितिको सिफारिस समेत गराई ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

बैठक संख्या: ३६।२०८१
बैठक मिति:२०८१।१२।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(छ)

रामधुनी न.पा. वडा नं. ५ अन्तर्गत आदर्श टोल विकासको बाटोको नाला निर्माणधीन अवस्थामा रहेको र बाटो बीचमा २ थान विजुलिको पोल परेको हुँदा उक्त पोल नियमानुसार स्थानतरण गर्न प्राविधिक लागत अनुमान तयार गरि पोल स्थान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं.२(ज)

रामधुनी न.पा. वडा नं. ८ को च.न ९२२ मिति २०८१।१२।१९ गतेको पत्रानुसार तपसिल बमोजिमको योजना रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स | हाल रहेको योजना | विनियोजित रकम | रकमान्तर पछी हुनु पर्ने आयोजना |
|---|---|---|---|
| १ | राधाकृष्ण मन्दिर निर्माण | २,००,०००।- | विधुतिय संरचना मर्मत संभार तथा नयाँ लाइन विस्तार रू २,००,०००।- |

निर्णय नं.२(झ)

रामधुनी न.पा. वडा नं. २ को च.न १३४४ मिति २०८१।१२।२१ गतेको पत्रानुसार वडा नं. २ मा बस्ने राम किसन मोची लाई दम सम्बन्धी रोग बाट पिडित उपचार गराई रहेको हुँदा आर्थिक सहयोज बापत रकम रू १५,०००।- आर्थिक सहायता शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२(य)

रामधुनी नगरपालिका वडा नं. ४ का विरेन्द्र चौधरी ज्यू बिरामी भई विराटनगरको गोल्डेन अस्पतालमा उपचाररत रही घर आउने क्रममा बाटोमा निधन भएकोले उक्त निधन भएका व्यक्ति लाई आर्थिक सहयोग बापत रकम रू ३०,००० र उक्त रकम वडा नं.४ को वडा सचिव श्री सावित्रा पराजुली को नाममा भुक्तानी दिने निर्णय गरियो ।